नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ अंक १५० २०७६ साल पुस २६ गते शनिबार (11 Jan. 2020 Saturday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : राजविराज आँखा अस्पताल ... ३ पृष्ठमा : ऋणपत्रमा लगानीको ... ३ पृष्ठमा : विमान दुर्घटनाको अनुसन्धान ...

# ग्लोबलमा ९० प्रतिशत महिला सदस्य



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेड राजविराज शुक्रबारदेखी २० औं वर्षमा प्रवेश गरेको छ ।

शुक्रबार राजविराजमा आयोजित १९ औं वार्षिक साधारण सभाको अवसरमा संस्थाका अध्यक्ष सुखराम यादवले जिल्लाको १८ वटै स्थानिय तहमा आफ्नो संस्थाको कोष र विभिन्न निकाय, बैंक र वित्तिय सहयोगबाट स्वास्थ्य, शिक्षा, महिला स्वरोजगार, सीपमूलक तालिम, अनुसन्धान विकास र बचत गर्ने बानी लगायतका क्षेत्रमा संस्थाले लगानी गर्दै आएको बताएका छन् ।

२०५७ साल पुस २ गते १ सय ११ जना सदस्यको ५/५ हजार शेयर पुँजीबाट संचालन गरिएको उक्त संस्थामा विभिन्न १ हजार १ सय समूहमार्फत अहिले ४० हजार शेयर सदस्य पुगेको जानकारी पनि दिंदै जसमध्ये ९० प्रतिशत महिला शेयर सदस्य नै रहेको बताए ।

१८ वटै स्थानिय तहमा पुगिसकेको संस्थाले अब ती स्थानिय तहका सबै वडा र टोलमा कार्यक्रम पुऱ्याउने घोषणा समेत गरे । संस्थाले आफ्नो कोष तथा दातृ निकायको सहयोगबाट झण्डै ३२ हजार महिलालाई गरिबी निवारण तथा लघुबित्त कार्यक्रममार्फत आय आर्जनका विभिन्न काममा लगाएको जानकारी दिए ।

संस्थाले यस वर्ष ४४ करोड ४९ लाख २३ हजार ३ सय ९० रुँपैयाको कारोबार गरि २२ लाख ८३ हजार २ सय ८२ रुँपैया खुद मुनाफा गर्न सफल भएको साधारण सभामा प्रस्तुत वार्षिक प्रतिवेदनले देखाएको छ ।

यता साधारण सभाको उद्घाटन गर्दै प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले संस्थामा महिलाहरुको उल्लेख्य सहभागिता र सक्रियता देखेर कुनै समय महिलाकै नेतृत्वदायी भूमिकामा रहनुभएकी राष्ट्रपति

*बाँकी तीन पृष्ठमा*

# ट्रिपरले कुल्चेर युवकको हत्या गरेको भन्दै प्रदर्शन

**दैनिक समाचारदाता**
**धनुषा, २५ पुस ।**

ट्रिपरले किचेर एक यूवकको हत्या भएको भन्दै धनुषाको ढल्केवर शुक्रबार तनावग्रस्त बनेको छ । स्थानीय राम जीवन महतोको छोरा अन्दाजी बर्ष २४ वर्षिय दिलिप भन्ने ओम प्रकाश महतोलाई ट्रिपरले कुल्चेको हो ।

धनुषाको मिथिला नगरपालिका वडा नं. ५ श्रीपुर भन्ने टोल नजिकै रहेको औहरी खोलामा बालुवा गिट्टी उत्खन्न उपर निगरानी राख्ने महतोलाई ट्रिपरले कुल्चेर हत्या गरेको भनदै अवस्था तनावग्रस्त बनेको हो ।

स्थानीयहरुले सो हत्याको बिरोध गर्दै प्रहरी उपर ढुंगामुढा गर्न थालेपछि भीडलाई नियन्त्रणको लागि २५ राउण्ड अश्रूग्यास प्रहार गरेको ढल्केवर प्रहरीले जनाएको छ ।

युवक हत्याको विरोधमा प्रदर्शनमा उत्रेका सयौंको सँख्यामा प्रदर्शनकारी र प्रहरीबीच झडप भएको थियो । झडप नियन्त्रणको लागि प्रहरीले आसु ग्यास प्रहार गरेको जनाइएको छ ।

सोही झडपमा परी ईलाका प्रहरी कार्यालय ढल्केवरमा कार्यरत प्रहरी जवान सचेन्द्र कुमार यादव घाईते भएका छन् । उनको च्यूडा ( दाढी, मुखको तलको भाग) मा चोट लागेको प्रहरीले जनाएको छ । प्रदर्शनकारीहरुले फालेको ढुंगा उनको अनुहारमा लागेको जनाइएको छ ।

स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!

के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

सम्पर्क

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०१५२१७९३

# पुसी पूर्णिमामा स्नान र मेला भर्नेको घुँइचो



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**


पुसी पुर्णिमाको अवसर पारेर शुक्रबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहस्थित सप्तकोशी नदीमा स्नान गर्ने मेला भर्नेहरुको घुँइचो लागेको छ ।

यस अवसरमा सप्तकोशी किनार (कोशी ब्यारेज) मा भब्य मेला समेत लागेको छ । यस दिन कोशी तथा अन्य पवित्र जलाशयमा स्नान (डुबुल्की) गरे पापबाट मुक्ति तथा मनोकांक्षा पूरा हुने जनविश्वास छ ।

कोशी स्नान गर्न र मेला भर्न टाँढाका कतिपय तिर्थयात्रु अघिल्लो रातीनै आइपुगेका थिए । सुनसरी, सिरहा, मोरङ, उदयपुर र सप्तरीका साथै भारतको सिमराही, बिरपुर, भिमनगर, सहरसा, फारबिसगंज लगायतका स्थानहरुबाट समेत कोशी स्नान र मेला भर्न ठूलो संख्यामा तिर्थयात्रुहरु आएको हुनमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साहले जानकारी दिए ।

मेला व्यवस्थित पार्न प्रहरीको सहयोग समेत लिई आवश्यक सबै व्यवस्था मिलाइएको उनले बताए ।

*बाँकी तीन पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
CITY EXPRESS MONEY TRANSFER
IME International Money Express
IME pay wallet
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### अस्पतालप्रति जनविश्वास बढ्दै

कुनै बेला रेफरल सेन्टरको रुपमा परिचित राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल अहिले जटिल शल्यक्रिया गरेर आफ्नो छबीलाई सुधार गर्दैगएको छ । दक्ष जनशक्ति र आधुनिक उपकरणहरु उपलब्ध भएपछि अहिले अस्पतालमा जटिल भन्दा जटिल रोगको उपचार सम्भव भइरहेको छ । सप्तरीको एकमात्र सरकारी अस्पतालको रुपमा स्थापित यस अस्पतालमा कुनै बेला रोगिहरु आउन डराउँथे । तर, अहिले अस्पतालमा ब्यापक सुधार आएपछि बिरामीहरुको विश्वास जित्न प्रयत्नरत रहेको छ ।

अहिले अस्पतालको भौतिक संरचनादेखी व्यवस्थापन समेतमा सुधार भइरहेको छ । अस्पताल ब्यवस्थित हुँदै गएपछि बिरामीहरुको चाप समेत बढ्न थालेको छ । यस अस्पतालमा अहिले भर्खर क्यान्सर रोगको समेत सफल उपचार भएको छ । जुन सप्तरीको इतिहासमै पहिलो हो । त्यस्तै यसअघि आन्द्राभुडी निस्केको एक बालकको समेत सफल उपचार भएको छ । त्यस्तै अन्य जटिल रोगहरुको समेत उपचार सम्भव हुँदै गएपछि जिल्लावासीको अस्पतालप्रति विश्वास बढेर गएको छ ।

अस्पताल हाल सुधारोन्मुख अवस्थामा रहेको बेला जिल्लावासी समेतले यसको खासलाई अझ उकास्न सहयोग गर्नुपर्ने अवस्था रहेको छ । तसर्थ जिल्ला विकासको एउटा पाटो अस्पताल समेत रहेकोले यसप्रति सकारात्मक हुनुपर्ने सबैको दायित्व पनि हो ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# राजविराज आँखा अस्पताल र आँखाका रोगीहरु





**अमरनाथ मण्डल**

नेत्र दान नेत्र उपचार जिवनको प्रमुख परोपकार र धर्म मानिन्छ । संसारलाई हेर्ने दृष्टि रहेकोले दृष्टिको रुपमा आँखा मानिसको जिवनमा सम्वेदनशील अंगको रुपमा स्थापित भएका छन् । आँखा नभएका संसार अन्धयारोमै बन्ने छ । यसै कारणले ठूला ठूला महान पुरुषहरुले नेत्र दानलाई संसारको सबभन्दा ठूलो दानको रुपमा स्थापित गरेका छन् । मर्नु भन्दा पहिले आफ्नो आँखा दान गरेको हजारौं व्यक्तिको आँखा पाउने र सो आँखाबाट संसार हेर्ने गरिन्छ । धन्यवाद छ, त्यस्ता महापुरुषहरुलाई जसले नेत्र दान आफ्नै जिवनको आधार बनाएका छन् । त्यही सन्दर्भमा आँखाको उपचार गर्ने चिकित्सक अस्पताल, प्राविधिकहरु पनि आफैमा परोपकारको भागी बन्दै छ । वहाँहरुको भनाई अनुसार हामी हजारौ रोगीको उपचार गर्ने गर्छौं तर त्यही उपचारमा रमाउने तथा रोगीसँग स्हार्दपूर्ण वातावरणको सिर्जना गरी आनन्दमय जिन्दगी बिताउन सजिलो भईरहेको चिकित्सकहरु महसुस गर्छ । यसै क्रममा सप्तरी जिल्लाको एक मात्र आँखा उपचार केन्द्र अर्थात राजविराज आँखा अस्पताल अहिले हजारौं रोगीको उपचारको केन्द्र विन्दु बनेका छन् भने १९८८ मा स्थापना भएका राजविराज आँखा अस्पताल अहिले आफैमा क्षमता बन्दै गइरहेका छन् । राजविराज आँखा अस्पताल २०१९ मा ३१,५३२ रोगीको उपचार गरेका छन् भने आँखा अस्पतालले शुक्रबार २० जना देखि ४० जना सम्मको अपरेशन गर्ने गरेको छ । अहिले २० ओटा बेड रहेको अस्पतालमा क्षमता अनुसार रोगीको चाप बढेको कारणले ४० वटा बेड लगाउने तर्खरमा रहेका आँखा अस्पताल दिनहुँ आँखा पोल्ने रोगी दृष्टि जाँच लगायत अन्य उपचारहरु सफलतापूर्वक गरिरहेका छन् ।

सप्तरी मात्र नभई भारतको विहार राज्यबाट करिब २५ प्रतिशत रोगी दिनहुँ आँखा अस्पताल राजविराजमा उपचार गराउन आउने गरेको अवस्थामा २० जना अस्पतालका प्राविधिक टोली तथा ४ जना सामान्य कर्मचारीहरुको रेखदेखमा उपचार भईरहेको छ । भौतिक सामग्रीहरुको अभाव आफ्नै ठाउँमा रहे तापनि शौचालय, प्रतिक्षालय भवन, खानेपानी तथा अन्य भौतिक पूर्वाधारहरु अहिले पनि अस्पतालमा अभाव रहेको छ भने प्राविधिकहरुमा आँखा जाँच्ने लगायत अन्य प्राविधिकहरुको पदपुर्ति हालै भएकोले अस्पताल आफैमा सक्षम भएका छन् । सगरमाथा चौधरी आँखा अस्पतालद्वारा संचालित राजविराज आँखा अस्पताल चौधरी आँखा अस्पतालको स्वामित्वमा रहे पनि नेत्रज्योति संघ तथा चौधरी आँखा अस्पताल लहानले सम्पूर्ण व्यवस्थापन पक्ष मिलाई रहेको अवस्थामा सप्तरीको ठूलो सम्पत्तिको रुपमा रहेको आँखा अस्पताल अहिले सप्तरीको आँखा रोगीहरुलाई अन्यन्त्र जानुपर्ने अवस्थाबाट मुक्ति पाएका छन् । व्यापारी केन्द्रको आधारमा राजविराज भारत विहारको नजिक रहेकोले भारत विहारबाट रोगीहरु दिनहुँ आँखा अस्पतालमा उपचार गराउन आउने गरेको कारण आर्थिक प्रतिलाभ तथा अन्य सामाग्रीहरुको किनबेच मोलतोल रहेको आर्थिक आय सप्तरीलाई बढ्ने गरेको देखिन्छ ।

स्थानीय निकाय जनप्रनिनिधिहरुले र केन्द्रीय तथा प्रदेश सरकारको कुनै लगानी आँखा अस्पतालमा नरहेको अवस्थामा पनि आँखा अस्पतालले जसरी भएपनि सुविधा दिई रहेको सन्दर्भमा राजविराज आँखा अस्पतालमा नेपाल सरकार पक्षबाट स्थानीय श्रोतबाट तथा प्रदेश श्रोतबाट आर्थिक भौतिक, पूर्वाधारहरुको निर्माण भयो भने तथा स्थानीय स्तरबाट अस्पताललाई रेखदेख सुविधा स्तर उन्नतीको लागि स्थानीय बजेटमा सुनिश्चित गर्नुपर्ने आम भावना रहेकोमा अस्पताल अझै रोगीहरुलाई सुविधा दिन सक्षम हुने विश्वास गरिन्छ । दिनप्रतिदिन चाप बढिरहेको अवस्थामा प्राविधिकहरुको व्यवस्थापक स्थानीय निकायबाट भयो भने रोगीहरुको संख्या उपचारको क्रममा बढ्ने अनुमान गरिन्छ । त्यस्तै प्रदेश सरकारबाट प्रदेश स्तरीय बजेटलाई आँखा अस्पताल प्रति विनियोजित गरी १३ कठ्ठाको क्षेत्रफलमा फैलिएको मलेठ स्थित राजविराज आँखा अस्पताल अन्य भौतिक पूर्वाधारहरु निर्माण हुन हुने विश्वास बढेको अवस्थामा प्रदेश सरकारले बजेट आँखा अस्पतालमा लगानी गरे भोलीका दिनमा भारतको विहार राज्यबाट तथा सप्तरीका लगायत सुनसरी जिल्लाबाट पनि रोगीहरु बढी मात्रामा उपचारको लाभ पाउने विश्वास गरिन्छ । उपचारकै क्रममा आउने रोगीहरु बास बस्ने धर्मशाला खाना खाने क्यान्टीङ्को व्यवस्था भयो भने रोगीहरु प्रत्यक्ष रुपमा उपचारको लागि राजविराज आँखा अस्पतालतिर आर्कषित हुने आँखा अस्पतालका राम कुमार झा बताउँछन् ।

चिकित्क झा अनुसार हामी प्राविधिकहरु क्षमता अनुसार दिनहुँ सबै भन्दा बढी रोगीको उपचार गर्ने गरेको अवस्थामा केही भौतिक निर्माण कार्यहरु अस्पतालमा गर्न बाँकी रहेको अवस्थामा बजेटको अभाव आफ्नै ठाउँमा रहेको अहिले तिब्र गतिमा अन्य भवनहरु तथा भौतिक सामाग्रीहरु निर्माण तथा उपलब्ध गराउन तदरुपतामा खाँचो रहेको अवस्था छ । लहान अस्पताल र नेत्रज्योति संघको सक्रियता कारणले गर्दा रोगीहरु उपचारको अवस्थामा उपचार गराई रहेको छ भने उपचारको क्रममा रोगीहरु अन्यत्र जानुपर्ने अवस्थाको सिर्जना नभएकोले रोगीहरु राहतको श्वास लिई रहेका छन् ।

स्वास्थ्य क्षेत्र संवेदनशील क्षेत्र रहेकोले यस प्रति स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारले ध्यान जानुपर्ने अवस्था देखिन्छ भने कुनै संस्थाले निर्माण गरि दिएका संचालन गरि दिए संस्थालाई सरकारले आफ्नो प्रत्यक्ष लगानी लगाई अझै गुणस्तरीय विकासको लागि पहलको अवस्था देखिन्छ । यस्तो अवस्थामा सप्तरीको विकास तथा स्वास्थ्य क्षेत्रमा ठूलो टेवा पुग्ने सबै विश्वास लिएका छन् भने सप्तरी जिल्लाका नागरिक, समाज, राजनैतिक दल, जनप्रतिनिधिहरुको प्रत्यक्ष सरोकारको विषय रहेको, यस्तो सरोकारको संवेदशील क्षेत्रलाई सबै क्षेत्रबाट प्रोत्साहन नितिको अंगीकार गरी सेवा भावनाको रुपमा लिनुपर्ने अवस्थाको सिर्जना भयो भने सप्तरीको स्वास्थ्य क्षेत्रमा ठूलो फड्को मार्ने अनुमान र विश्सा गरिन्छ ।

# ऋणपत्रमा लगानीको आकर्षण

काठमाडौँ, २५ पुस (रासस)।

सरकारले बैंक तथा वित्तीय संस्थालाई दीर्घकालीन ऋणपत्रको बिक्री गर्न प्रोत्साहन गर्ने नीति लिएपछि त्यसको सार्थक परिणाम देखिएको छ। चालू आर्थिक वर्षमा मात्रै पाँच बैंकले दीर्घकालीन ऋणपत्र बिक्री गरिसकेका छन्।

नेपाल धितोपत्र बोर्डमा आवेदन दिएका बैंक तथा वित्तीय संस्थाको सङ्ख्या मात्रै सात रहेका छन्। न्यूनतम १० दशमलव २५ प्रतिशतदेखि १२ प्रतिशतसम्म ब्याज पाइने भएकाले दीर्घकालीन ऋणपत्रमा लगानीकर्ताको आकर्षण पनि बढिरहेको छ। नेपाल राष्ट्र बैंकले आव २०७५/७६ को वार्षिक मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थालाई दीर्घकालीन ऋणपत्र जारी गरी वित्तीय साधन परिचालन गर्न प्रोत्साहन गर्ने नीति लिएको थियो। बैंकले त्यसरी सङ्कलित साधनलाई कर्जा/कूल वित्तीय स्रोत अनुपात गणना गर्दा समावेश गर्ने व्यवस्था मिलाउने उल्लेख गरेको थियो।

चालू आवको मौद्रिक नीतिमा समेत सोही व्यवस्थालाई निरन्तर कायम राखिएको छ। आव २०७५/७६ मा मात्रै १४ वाणिज्य बैंकले रु ४३ अर्ब ९८ करोड बराबरको ऋणपत्र बिक्रीका लागि स्वीकृति लिएका थिए। ऋणपत्रमा हुने फाइदा र आकर्षणका कारण लगानीकर्ताले समेत बैंक तथा वित्तीय संस्थाको ऋणपत्रमा बढी चासो राखेका छन्।

नेपाल धितोपत्र बोर्डका अनुसार चालू आवको मङ्सिर मसान्तसम्म मात्रै पाँच बैंकले ऋणपत्र बिक्रीका लागि स्वीकृति लिएका छन्। त्यसमा सिद्धार्थ बैंकको सातवर्षे १०.२५ प्रतिशत एसबिएल डिबेञ्चर २०८३ ले गत साउन १४ गते स्वीकृति पाएको थियो। सो बैंकले रु एक हजार मूल्य बराबरका २५ लाख कित्ता ऋणपत्र बिक्री गर्ने अनुमति लिएको थियो। बैंकले कूल रु दुई अर्ब ५० करोड बराबरका ऋणपत्र बिक्री गरेको हो।

यस्तै लक्ष्मी बैंकले १० वर्षे अवधिका लागि लक्ष्मी बैंक डिबेञ्चर २०८६ बिक्रीका लागि गत भदौ १७ गते अनुमति लिएको थियो। बैंकले प्रतिकित्ता रु एक हजार बराबरका कूल २० लाख कित्ता ऋणपत्र बिक्री गर्ने अनुमति लिएको थियो। बैंकले रु दुई अर्ब बराबरका ऋणपत्र बिक्रीका लागि अनुमति लिएको हो।

त्यस्तै प्रभु बैंकले १० वर्षे अवधिका लागि नै रु एक अर्ब बराबरका १० लाख कित्ता, सनराइज बैंकले प्रतिकित्ता रु एक हजार बराबरका कूल रु तीन अर्ब र कुमारी बैंकका रु ३० लाख कित्ता रु तीन अर्बका बिक्रीका लागि अनुमति लिएको हो। अनमुति लिएकामध्ये केहीले ऋणपत्र बिक्री गरिसकेका छन् भने केही प्रक्रियामै रहेका छन्।

यस्तै बोर्डका अनुसार कूल रु आठ अर्ब ९५ करोड बराबरका ऋणपत्र स्वीकृतिको चरणमा रहेका छन्। स्वीकृतिको चरणमा रहेका ऋणपत्र बिक्री गर्ने संस्थामा बैंकका अलावा फाइनान्स कम्पनीसमेत छन्। बोर्डका अनुसार हाल अध्ययनका क्रममा रहेका ती ऋणपत्र बिक्री गर्न अनुमति माग्नेमा गुडविल फाइनान्स रहेको छ। सातवर्षे अवधिका लागि १२ प्रतिशत ब्याज प्रदान गर्ने गरी सो फाइनान्स कम्पनीले कूल दुई लाख ५० हजार कित्ता ऋणपत्र बिक्री गर्न लागेको छ।

कम्पनीले कूल रु दुई करोड ५० लाख बराबरका ऋणपत्र बिक्री गर्नेछ। यस्तै एभरेष्ट बैंकले सात वर्षे अवधिका लागि १०.२५ प्रतिशत ब्याज दिने गरी कूल रु एक अर्ब बराबरका ऋणपत्र बिक्रीका लागि अनुमति माग्दै बोर्ड पुगेको छ। ऋणपत्र बिक्रीको तयारीमा कृषि विकास बैंक र सिटिजन बैंक इन्टरनेशन पनि रहेका छन्। कृषि विकास बैंकले प्रतिकित्ता रु एक हजार बराबरका कूल २५ लाख कित्ता ऋणपत्र बिक्री गर्न खोजेको छ। वार्षिक कूल १०.३५ प्रतिशत ब्याज दिने गरी बैंकले रु दुई अर्ब ५० करोड बराबरका ऋणपत्र बिक्रीको तयारी थालेको हो।

यस्तै वार्षिक १०.२५ प्रतिशत ब्याज दिने गरी सिटिजन बैंकले पनि २५ लाख कित्ता ऋणपत्र बिक्रीको अनुमति माग्दै बोर्ड पुगेको छ। बैंकले रु दुई अर्ब ५० करोड बराबरका ऋणपत्र बिक्री गर्नेछ। त्यस्तै बोर्डमा अनुमतिका लागि पुगेको अर्को संस्था हो आइसिएफसि फाइनान्स र वार्षिक १२ प्रतिशत ब्याज दिने गरी सो फाइनान्स कम्पनीले दुई लाख कित्ता ऋणपत्र बिक्री गर्न लागेको छ। सो कम्पनीले कूल रु २० करोड बराबरका ऋणपत्र बिक्री गर्नेछ। यसैगरी नेपाल एसबिआई बैंकले २५ लाख कित्ता ऋणपत्र बिक्रीको तयारी थालेको छ।

वार्षिक कूल १० प्रतिशत ब्याज दिने गरी बिक्री गर्न लागिएका ऋणपत्र रु दुई अर्ब ५० करोड बराबरका छन्। बोर्डमा आवेदन दिएको अर्को बैंक हो नबिल बैंक। सो बैंकले वार्षिक १० प्रतिशत ब्याज दिने गरी कूल रु दुई अर्ब बराबरका ऋणपत्र बिक्रीका लागि अनुमति मागेको छ। ती सबै ऋणपत्र अध्ययनका क्रममा रहेका छन्। निश्चित ब्याज तोकिएको अवधिभर पाइने भएकाले पनि ऋणपत्रमा लगानीकर्ताको आकर्षण रहेको छ।

नेपाल स्टक एक्सचेन्जमा हाल आठ ऋणपत्रको कारोवार भइरहेको छ। त्यसमा ग्लोबल आइएमई बैंकको ग्लोबल आइएमई डिबेञ्चर, एनआइसी एशिया डिबेञ्चरका तीन योजना, सिद्धार्थ बैंकको डिबेञ्चर, बैंक अफ काठमाडौँ, एभरेष्ट बैंक, सानिमा बैंकको ऋणपत्र कारोवारमा छन्। यस्तै बोर्डमा कूल १४ कम्पनीका रु चार अर्ब ४० करोड ६५ लाख बराबरका साधारण शेयर बिक्रीका लागि अनुमति लिने प्रक्रियामा रहेका छन्। त्यसमा अधिकाशं जलविद्युत् कम्पनी रहेका छन्।

*ग्लोबलमा १० ...*

विद्यादेवी भण्डारी समेत उत्साहित हुने बताए। सहकार्य मार्फत सहकारीको विकास गर्नुपर्नेमा जोड दिदै उनले सहकारी संस्थाहरु नाफामूखी मात्र नभई सामाजिक काममा पनि ध्यान दिन सके सहकार्य गर्नेहरुको संख्या आफै बढेर जाने सुभाव पनि दिए।

संस्थाका कार्यक्रम प्रवर्द्धक पंकज पोखरेलद्वारा संचालित उद्घाटन समारोहमा गैसस महासंघका केन्द्रिय उपाध्यक्ष ध्रुब देव, रेडक्रस सोसाइटी शाखा सप्तरीका अध्यक्ष जोगेन्द्र भगत, पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा, प्रेस काउन्सीलका पूर्वसदस्य मूरली प्रसाद यादवलगायतले पनि शुभकामना दिएका थिए।

कार्यक्रम अघि नाचगान, बाजागाजासहित संस्थाका पदाधिकारी र शेयर सदस्यहरु सचेतनामूलक नारा अंकित प्ले कार्ड बोकेर बजारको विभिन्न भागको परिक्रमा गरेका थिए।

सोही सभामा संस्थाले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरुलाई सम्मान गरेको छ। यसरी सम्मानित हुनेहरुमा पत्रकारिता क्षेत्रबाट अवधेश झा, स्वास्थ्य क्षेत्रबाट डा. रन्जित झा र समाजसेवातर्फबाट जोगेन्द्र भगत छन्।

कार्यक्रममा साझेदारी संस्था, आवद्ध उत्कृष्ट कर्मचारी तथा स्वयमसेविकाहरुलाई पनि सम्मानित गरिएको छ। उनीहरुलाई कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेलले दोसल्ला तथा सम्मानपत्रबाट सम्मानित गरेका थिए।

*बाँकी तीन पृष्ठमा ...*

कोशी स्नान र मेला भर्न एका बिहानैदेखी बैयलगाढा, बस, ट्याक्टर, मोटरसाइकलद, इरिक्सा लगायतका सवारीसाधन चढी तिर्थयात्रीहरु पुग्न थालेको र त्यो क्रम दिउँसो सम्म जारि रहेको स्थानिय राजु शर्माले बताए।

पुसी पुर्णिका अवसरमा शुक्रबार हनुमाननगर कंकालिनी नगरपालिका, छिन्नमस्ता गाउँपालिका, रुपनी गाउँपालिका, विष्णुपुर गाउँपालिका र कंचनरुप नगरपालिकाले एक दिनका लागि बिदा दिएपछि कोशी स्नान र मेलामा झनै रौनकता बढेको स्थानियहरुले बताएका छन्।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी


## विश्व समाचार

### विमान दुर्घटनाको अनुसन्धान पूर्ण रुपमा होस् : राष्ट्रसङ्घ

संयुक्त राष्ट्रसङ्घ २५ पुस (रासस/सिन्ह्वा)।

इरानमा गत मङ्गलबार दुर्घटनाग्रस्त भएको युक्रेनी विमानबारे पूर्ण रुपमा अनुसन्धान होस् भन्ने अपेक्षा संयुक्त राष्ट्रसङ्घले गरेको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसका उपप्रवक्ता फराह हकले बिहीबार सो कुराको जानकारी दिनुभएको हो। हवाई उड्डयनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय, आइकाओलाई उद्धृत गर्दै हकले भन्नुभएको छ, " संयुक्त राष्ट्रसङ्घ यो विमान दुर्घटनाको अनुसन्धान राम्रोसँग होस् भन्ने चाहन्छ, आइकाओको आधिकारिक भनाइ पनि यही हो।"

हवाई उड्डयनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय, आइकाओलाई उक्त विमान दुर्घटनाको सामान्य जानकारी मात्र गराइएको र यसको छानबिनको लागि आवश्यक सहयोग नमागिएको बताइएको छ। सोही कारण उक्त निकायले विमान दुर्घटनाको कारण राम्रोसँग पत्ता लागोस् भन्ने चाहेको बताइएको छ।

हवाई उड्डयनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकाय, आइकाओले सो विमान दुर्घटनाको पूर्ण रुपमा अनुसन्धान होस् भन्दै यसबाट पत्ता लागेको तथ्यसम्बन्धी प्रारम्भिक प्रतिवेदन आफूलाइ दिनुपर्ने बताएको छ। प्रवक्ता हकले उक्त विमानको दुर्घटना भएको दिनदेखि महिना दिनभित्र सो विमान दुर्घटनाको पूर्ण रुपमा अनुसन्धान गरी यसको प्रारम्भिक प्रतिवेदन दिन पनि इरान सरकारसँग आग्रह गरेको।

### नाइजरमा भएको भिडन्तमा ६० लडाकु र २५ सैनिक मारिए

नाइजर, २५ पुस (रासस/सिन्ह्वा)।

नाइजरमा भएको आक्रमणको घटनामा परी कम्तीमा २५ सैनिक मारिएका छन्। देशको पश्चिमी क्षेत्रमा रहेको सैनिक शिविरमा बिहीबार राति आक्रमण भएको सैन्य अधिकारीहरुले जानकारी दिएका छन्।

पश्चिमी अफ्रिकी मुलुक मालीको सीमा क्षेत्रमा पर्ने नाइजरको चिनागोद्ररमा घटना भएको उनीहरुले बताएका छन्। घटनाका बारेमा अहिलेसम्म कसैले पनि जिम्मेवारी नलिएको समाचारमा जनाइएको छ। सैनिकहरुमाथि भएको आक्रमणपछिको भिडन्तका क्रममा ६० भन्दा बढी लडाकू मारिएका रक्षा मन्त्रालयले दाबी गरेको छ।

### अत्यधिक वर्षाबाट ४१ को मृत्यु

लुआन्दा, २५ पुस (रासस/सिन्ह्वा)।

अत्यधिक वर्षाका कारण अङ्गोलामा यस हप्ताको शुरुमा ४१ जनाको मृत्यु भएको छ। गृहमन्त्री एगेनीयो केसर लबोरिन्होले बिहीबार दिनुभएको जानकारीअनुसार पछिल्लो समयमा आएको अत्यधिक वर्षापछि भएका घटनाहरुमा परी उनीहरुको मृत्यु भएको हो।

राष्ट्रिय नागरिक संरक्षण आयोगको पहिलो बैठकपछि पत्रकारहरुसँग बोल्दै उहाँले अत्यधिक वर्षापछिका विभिन्न घटनाका कारण अरु धेरै जना प्रभावित भएको जानकारी दिनुभयो। वर्षासँगै आएको बाढीले घरहरुसँगै विभिन्न भौतिक संरचनाहरुमा क्षति पुऱ्याएको छ भने, कृषिजन्य उत्पादनसमेत नष्ट गरिदिएको छ।

वर्षाका कारण विद्युत् सेवा, खानेपानी वितरण प्रणाली, सडक सञ्जाललगायत अवरुद्ध भएका छन्। यसले आर्थिक वृद्धिदरमा समेत असर पारेको गृह मन्त्री केसरले बताउनुभयो। मन्त्री केसरका अनुसार बाढीले देशको राजधानी लुआन्दा, विए, बेङगुएला, हुआम्बो, कुअन्जा नोर्ट, कुअन्जा सुल, लुन्डा सुल र नोर्ट, मलङ्गे, नामिब, उइगे र जाइरलगायतका क्षेत्र बढी प्रभावित भएका छन्। देशभर २५ सय परिवार बाढीबाट प्रभावित भएको सरकारी विवरणमा उल्लेख गरिएको छ।

त्यसैगरी ३७८ घर क्षतिग्रस्त भएको, ९७५ घर जलमग्न भएको, १२ चर्च भत्किएको र चार वटा पुल पनि क्षतिग्रस्त भएको सरकारी विवरण छ।

### आक्रमणमा परी १८ शान्ति सेना घाइते

संयुक्त राष्ट्रसंघ, २५ पुस (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घको तर्फबाट शान्ति स्थापनाका लागि खटिएका १८ शान्ति सेना घाइते भएका छन्।

मालीको दक्षिणी क्षेत्रमा खटिएका शान्ति सेना बिहीबार घाइते भएका राष्ट्रसङ्घका एक जना प्रवक्ताले जानकारी दिएका छन्। "संयुक्त राष्ट्रसङ्घको तर्फबाट शान्ति मिसनमा पठाइएका शान्ति सेना बसेको सैन्य शिविरमा शुक्रबार बिहान आक्रमण भएको खबर आएको छ, किडाल क्षेत्रको तेस्सालितमा रहेको शिविरमा आक्रमण भएको हो," प्रवक्ता स्टेफन डुजारिकले भन्नुभयो।

सो मिसनमा माली र अन्तर्राष्ट्रिय सुरक्षा फौजका सुरक्षाकर्मीहरु खटिएको पनि उहाँले जानकारी दिनुभयो। उहाँले प्रारम्भिक विवरणमा १८ शान्ति सेना घाइते भएको जानकारी आएको र अन्य विवरण आउने क्रममा रहेको पनि बताउनुभयो।

# अन्तर बिद्यालय क्रिकेट प्रतियोगिता सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

राजबिराजस्थित राजरंगशालामा शुक्रबारदेखी अन्तर बिद्यालय जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

ग्रिन नेपालको आयोजनामा संचालित उक्त प्रतियोगिता अन्तर्गत पहिलो दिनको खेलमा म्याक्सवेल बोर्डिंग स्कुलले ह्याप्पील्याण्ड सेकेण्ड्री स्कुललाई १ सय ४० रनले पराजित गरेको छ ।

सम्पन्न खेलमा म्याक्सवेलले टस जिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ७ बिकेटको नोक्सानीमा २ सय ३ रनको योगफल तयार पारेको थियो । म्याक्सवेलका लागि रोहन बिकले बिष्फोटक ब्याटिंग गर्दै ४० बलमा ११ चौक्का र ५ छक्काको मद्धतले ९१ रनको योगदान दिएका थिए । रोहन बाहेक पंकज यादवले १६ तथा संजित साहले नटआउट रहि १९ रनको योगदान दिएका थिए ।

यता बलिंग तर्फ प्रज्वल यादवले ३ तथा प्रिन्स यादव र सुनिल यादवले सामान २ बिकेट लिएका थिए । २ सय ४ रनको लक्ष्य लिई मैदानमा ओर्लेको ह्याप्पील्याण्ड सेकेण्ड्री स्कुल १४ ओभरमै सम्पुर्ण बिकेट गुमाई ६४ रनमै समेटिएको थियो । ह्याप्पील्याण्डलाई सस्तोमा समेटन म्याक्सवेलका सकिम आलमले ४ तथा आदित्य रामले २ बिकेट लिएका थिए भने रोहन बिक, केशव साह र असन जमालले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच म्याक्सवेलका रोहन बिक घोषित भएका थिए ।

उद्घाटन कार्यक्रम अर्न्तगत ग्रिन नेपालको अध्यक्ष खेलानन्द दासको अध्यक्षता संचालित कार्यक्रममा सप्तरी क्रिकेट संघका अध्यक्ष तथा प्रदेश २ क्रिकेट संघका सचिव आयुश श्रेष्ठको प्रमुख आतिथ्यतामा संचालित उद्घाटन कार्यक्रम अर्न्तगत ईजि वर्ल्ड इन्जीनियरका प्रोपोराईटर रामजी यादव, प्रहरी नायब उपरिक्षक तिलक भारती, एम एण्ड एम मोर्टसका प्रोपोराईटर अनवर अली लगायतको उपस्थिती रहेको थियो ।

# अंग्रेजी वर्षको पहिलो चन्द्र ग्रहण

**दैनिक समाचारदाता**
**राजविराज, २५ पुस ।**

सन् २०२० कै पहिलो ग्रहण चन्द्र ग्रहण शुक्रबार राती लागेको छ । सन् २०२० मा चार वटा चन्द्र ग्रहणहरु लाग्दैछन् । जसमध्ये शुक्रबार लागेको ग्रहण पहिलो चन्द्र ग्रहण हो ।

शुक्रबार राति १० बजेर ५२ मिनेटदेखि प्रारम्भ भएर राति २:५७ बजेसम्म ४ घण्टा ५ मिनेटसम्म ग्रहण लागेको छ ।

यसपटकको चन्द्र ग्रहण भारत, एशिया, यूरोप, अफ्रिका तथा अष्ट्रेलिया महाद्वीपहरुका थुप्रै देशहरुबाट दे–खिएको छ । २०२० मा लाग्ने अन्य ग्रहण ५ जुन, ५ जुलाई र ३० नोभेम्बरमा पनि लाग्ने छन् ।

यसपटकको चन्द्र ग्रहण उपछायाँ ग्रहण हुनेछ । जसमा चन्द्रमा पूर्ण रुपमा लुक्ने छैन, न त चन्द्रमाको कालो छायाँ पृथ्वीमाथि पर्नेछ । आंशिक छायाँ चन्द्रमा ग्रहण पूर्ण र आंशिक चन्द्र ग्रहणभन्दा पनि कमजोर हुनेछ । त्यसैले यसलाई स्पष्ट रुपमा देख्न सकिँदैन ।

# कोशी टप्पुमा चरा गणना शुरु

इनरुवा, २५ पुस (रासस) ।

चराको स्वर्ग भनेर चिनिने कोशी टप्पु वन्यजन्तु आरक्षमा शुक्रबारबाट चरा गणना शुरु भएको छ । कोशी टप्पु वन्यजन्तु आरक्ष र कोशी बर्ड सोसाइटीको आयोजनामा आरक्षमा चरा गणना शुरु भएको हो । आरक्षमा पाइने चराको यथार्थ तथ्याङ्क लिन चरा गणना शुरु भएको कोशी टप्पु वन्यजन्तु आरक्षका संरक्षण अधिकृत रामदेव चौधरीले बताउनुभयो ।

चरा गणनाका लागि माइनोकुलर, स्पोट्रिङग स्कोप, डेटा सिट, कम्पास, जिपीएसलगायतका उपकरण प्रयोग गर्ने आरक्षका संरक्षण अधिकृत चौधरीले बताउनुभयो । आरक्षमा चरा गणना गर्न सातदेखि १० दिनसम्म लाग्ने उहाँले बताउनुभयो । आरक्षमा तीन वटा क्षेत्र निर्धारण गरेर चरा गणना गर्न शुरु गरेको संरक्षण अधिकृत चौधरीले बताउनुभयो ।

आरक्षमा घाँसे मैदान, सिमसार क्षेत्र र नदी तटीय क्षेत्रमा पाइने चराको गणना गरिने कार्यक्रम रहेको उहाँले बताउनुभयो । आरक्षमा पहिलो चरणमा घाँसे मैदानमा देखिने चराको गणना गरिने, दोस्रो चरणमा सिमसार क्षेत्रमा पाइने र तेस्रो चरणमा नदी तटीय क्षेत्रमा पाइन चराको गणना गर्ने कार्यक्रम रहेको उहाँको भनाइ थियो ।

चरा गणनाका लागि सात जनाको टोली परिचालित भएको छ । आरक्षमा प्रत्येक वर्ष हिउँदे चरा गणना गर्ने गरेको चौधरीको भनाइ छ । आरक्षमा पछिल्लो तथ्याङ्कअनुसार ५२६ प्रजातिका चरा रहेका छन् ।

# तीन किलो नक्कली सुनसहित भारतीय नागरिक पक्राउ

काठमाडौँ, २५ पुस (रासस) ।

नेपाल प्रहरीले तीन किलोग्राम नक्कली सुनसहित एकजनालाई पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त महाराजगञ्जको टोलीले तीन किलोग्राम नक्कली सुनसहित भारतीय नागरिक मोहनलाल गुजरातीलाई शुक्रबार बिहान गोङ्गबु नयाँ बसपार्कबाट पक्राउ गरेको हो ।

वृत्तका प्रमुख, प्रहरी नायब उपरीक्षक उमेश लम्सालले नक्कली सुनको सिक्का बोकेर हिँडेको अवस्थामा गुजरातीलाई पक्राउ गरेको जानकारी दिनुभयो । पक्राउ गुजरातीलाई हिरासतमा राखेर ठगी मुद्दा दर्ता गरी अनुसन्धान भइरहेको लम्सालले बताउनुभयो ।


## सूचना सूचना सूचना

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना बिमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सर्म्पक गर्न अनुरोध गरिन्छ ।

**आईडियल सहकारी संस्था लि.**
**मुख्य कार्यालय राजबिराज-०४**
फोन नं.०३१-५२१३९९

**सेवा केन्द्र हनुमाननगर** फोन नं.०३१-५८०२७५
**सेवा केन्द्र पातो बाजार** मो.नं.९८०१५६१९३०

## नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT







## एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।

राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

## दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



## छिन्नमस्ता डेरी उद्योग

सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




**नोट :-** विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*